नेपाल सरकार

# शान्ति तथा पुनर्निर्माण मन्त्रालय

सिहदरबार, काठमाण्डौ

नेपाल ।

पं. सं. ०६७६७८अनुगमन ।

च.नं. : ६६

मिति : २०६७।६।१४

अनुगमन तथा मूल्याङ्कन शाखा

**अत्यन्त जरुरी**

**विषय : विवरण तथा प्रतिक्रिया पठाइएको बारे ।**

श्री राष्ट्रिय मानव अधिकार आयोग,
हरिहरभवन, पुल्चोक,
ललितपुर ।

उपरोक्त सम्वन्धमा, तहाँको मिति २०६७।६।१७, च.नं. CPA/३४२ को पत्रबाट माग भएको विस्तृत शान्तिसम्झौता कार्यान्वयनको सन्दर्भमा यस मन्त्रालयबाट भए गरेका कार्यहरुको विस्तृत विवरण निम्नानुसार भएको व्यहोरा सादर अनुरोध गर्दछु ।

(प्रेमप्रसाद सञ्जेल)
उप-सचिव

## १ शिविर व्यवस्थापन

हतियार र सेनाको व्यवस्थापन शान्ति प्रक्रियाको महत्वपूर्ण कार्य हो । केन्द्रमा शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालय र शिविरहरु रहेका जिल्लामा स्थानीय शिविर व्यवस्थापन कार्यालयहरुसमेतको संस्थागत व्यवस्था गरी शिविर व्यवस्थापनसम्बन्धी कार्य संचालन भैरहेको छ । यस आर्थिक वर्षमा शिविर व्यवस्थापन अन्तर्गत भएका प्रमुख कार्यहरु निम्नानुसार छन् ।

### १.१ योग्य नठहरिएका लडाकुहरुको बहिर्गमन

अनमिनको प्रमाणीकरण प्रक्रियाबाट योग्य नठहरिएका शिविरमा रहेका ४००८ लडाकुहरुको बहिर्गमनका लागि मन्त्रालयले तयार गरेको अवधारणा पत्र मन्त्रिपरिषद्को ०६६।६।२१ को निर्णयानुसार स्वीकृत भई सो कामका लागि मा. शान्ति तथा पुनर्निर्माण मन्त्रीको संयोजकत्वमा नेपालस्थित संयुक्त राष्ट्र संघीय आवासीय समन्वयकर्ताको कार्यालय, अनमिन, युनिसेफ तथा एनेकपा (माओवादी) का प्रतिनिधि संलग्न निर्देशक समित गठन भयो । निर्देशक समितिले मन्त्रालयका सह-सचिवको संयोजकत्वमा प्राविधिक समिति गठन गरी काम अघि बढाइयो । स्वीकृत अवधारणा पत्र अनुसार सूचना तथा परामर्श, सर्भे तथा व्यक्तिगत विवरण संकलन, शिविरबाट बहिर्गमन, अन्तरिम आवास स्थल अभिमुखीकरण तथा परामर्श सेवा, तालिम तथा शैक्षिक सेवा र पुन:स्थापन/अनुगमन गरी ६ चरणमा बहिर्गमन तथा पुन:स्थापन कार्य सम्पन्न गर्ने योजना रहेको थियो । प्रथम चरणको कार्य समाप्त भएपछि अन्य चरणका कार्यहरु अघि बढाउन व्यवधान उत्पन्न भयो ।

नेपाल सरकार, एनेकपा (माओवादी) र संयुक्त राष्ट्र संघीय महासचिवका बालबालिका तथा सशस्त्र द्वन्द्व सम्बन्धी विशेष प्रतिनिधि श्री राधिका कुमारास्वामी बीच योग्य नठहरिएका लडाकुहरुको बहिर्गमनका लागि डिसेम्बर १६, २००९ मा एक कार्ययोजनामा सहमति भई दस्तखत भयो । यो सहमतिपश्चात् सिन्धुलीस्थित शिविरबाट ०६६।९।२३ मा बहिर्गमनको प्रक्रिया शुरु भई ०६६।१०।२५ मा रोल्पामा पुगेर सो प्रक्रिया सम्पन्न भयो । यस बहिर्गमन प्रक्रियामा जम्मा २३९४ लडाकुहरु समावेश भए । अन्य १६१४ जना लडाकुहरु पहिले नै शिविर छाडी गएकाले सो प्रक्रियामा अनुपस्थित रहे ।

बहिर्गमन प्रक्रियामा समावेश भएका तथा नभएका सबै लडाकुहरुलाई पुनःस्थापन प्याकेज अन्तर्गत नेपालस्थित संयुक्त राष्ट्र संघीय टोली (UN Country Team) ले व्यावसायिक तालिम, लघुउद्यम, शिक्षा र स्वास्थ्यसम्बन्धी तालिम प्रदान गर्ने तथा बहिर्गमन तथा पुनःस्थापन कार्ययोजनाको अनुगमन युनिसेफ र नेपालस्थित संयुक्त राष्ट्र संघीय मानव अधिकार उच्चायुक्तको कार्यालयले गर्ने व्यवस्था मिलाइएको छ । कार्यक्रमको समग्र अनुगमनको कार्य निर्देशक समितिबाट पनि भैरहेको छ । हालसम्म बहिर्गमन प्रक्रियामा समावेश भएका १८१४ जना र सो प्रक्रियामा समावेश नभई पहिले नै शिविर छाडेका ३३७ जना गरी जम्मा २१५१ जना पुनःस्थापन कार्यक्रममा समावेश हुन सम्पर्कमा आएका छन् । त्यसमध्ये १५६३ जनालाई पुनःस्थापनसम्बन्धी परामर्श प्रदान गरी तालिम तथा शिक्षाका लागि पठाइएकोमा तालिम तथा शिक्षा लिदै गरेका तथा सम्पन्न गरिसकेका पूर्व लडाकुहरुको संख्या ९४१ रहेको छ ।

योग्य नठहरिएका लडाकुहरुको बहिर्गमन तथा पुनःस्थापनसम्बन्धी यस कार्यले शिविर खालि गर्ने प्रक्रिया तथा समग्र शान्ति प्रक्रियामा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

## १.२ शिविरको भौतिक पूर्वाधार तथा स्वास्थ्य सेवा

शिविरमा घर टहरा, पहुँचमार्ग, विद्युतीकरण, टेलिफोन, खानेपानी जस्ता आधारभूत भौतिक पूर्वाधारहरु विगतदेखि नै व्यवस्था गर्दै आइएको छ । यस आ.व.मा शिविरमा शान्ति कोषमार्फत खानेपानी व्यवस्थापन, भौतिक पूर्वाधार मर्मत संभार, पहुँचसडकको स्तरोन्नति तथा निर्माण गरी ३ वटा नयाँ आयोजनाहरु कार्यान्वयनमा ल्याइएको छ ।

शिविरमा स्वास्थ्य सेवाका लागि प्रत्येक मुख्य शिविरमा मेडिकल अधिकृत सहितको टोली राखी स्वास्थ्य सेवा उपलव्ध गराउँदै आइएकोमा यस वर्षदेखि सहायक शिविरहरुमा पनि स्वास्थ्य सेवा विस्तार गरिएको छ । शिविरका लागि संचालित आयोजनाहरु र उपलव्ध गराइएको रकम निम्नानुसार छ ।

**शिविरको भौतिक पूर्वाधार तथा लडाकुहरुलाई स्वास्थ्य सेवा**

| क.सं. | आयोजना | रकम रु. |
|---|---|---|
| १ | शिविरमा खानेपानी व्यवस्थापन | ३,६६,५९,०००। |
| २ | पहुँच सडक स्तरोन्नति तथा पुल निर्माण | ४५,००,००,०००। |
| ३ | शिविर स्वास्थ्य व्यवस्थापन | ८,३७,९०,०००। |
| | **जम्मा** | **५७,०४,४९,०००।** |

यसका साथै जी.टी.जेड्को सहयोगमा पनि शिविरमा खानेपानी, सरसफाइ, शिक्षा तथा तालिम सम्बन्धी कार्यक्रमहरु संचालन भैरहेका छन् ।

### १.३ लडाकुहरुको भरणपोषण तथा मासिक भत्ता वितरण

माओवादी सेनाका लडाकुहरुलाई भरणपोषण बापत ठाउँ अनुसार प्रतिव्यक्ति दैनिक रु. ७२।- देखि रु. ११०।- सम्म र मासिक भत्ता प्रतिव्यक्ति रु. ५०००।- का दरले निरन्तर रुपमा उपलब्ध गराइएको छ । यस आ.व. मा भरणपोषण र मासिक भत्ताबापत खर्च भएको रकम निम्नानुसार छ :

**माओवादी सेनाका लडाकुहरुलाई भरणपोषण तथा मासिक भत्ता**

| | | |
|---|---|---|
| १ | भरणपोषण (गत वर्षको बाँकीसमेत) रु. | ५६,५७,०५,५३२। |
| २ | मासिक भत्ता रु. | १,१७,३१,९७,७४०। |
| | **जम्मा रु.** | **१,७३,८९,०३,२७२।** |

## २ वार्ता तथा सहमति/सम्झौता एवं सो को कार्यान्वयन अनुगमन

हाल सम्म द्वन्द्वरत वाइस (२२) बटा विभिन्न समूहहरुसँग सम्झौता तथा सहमतिहरु सम्पन्न गरिएका छन् । सम्झौता तथा सहमतिहरु भएका समूहहरु मध्ये संघीय गणतान्त्रिक राष्ट्रिय मोर्चा, संयुक्त लोकतान्त्रिक मधेशी मोर्चा, तामसालिङ् संयुक्त संघर्ष समिति, मधेशी मुक्ति टाइगर्स, मधेशी भाइरस किलर्स, तराई संयुक्त जनक्रान्ति पार्टी नेपाल, जनतान्त्रिक तराई मुक्ति मोर्चा, लिबरेसन टाइगर अफ तराई इल्म, संघीय लिम्बुवान राज्य परिषद्, किराँत जनवादी वर्कर्स् पार्टी (अनन्त क्रान्ति र सुमन वान्तवा) र संयुक्त लोकतान्त्रिक मधेशी मोर्चासँग विगतमा भएका सहमतिको कार्यान्वयन स्थितिको अनुगमन गरिएको छ ।

### २.१ हलिया तथ्याङ्क संकलन

सरकारी वार्ता टोली र राष्ट्रिय हलिया मुक्ति समाज महासंघका वार्ता टोली बीच मिति २०६५।५।२० मा भएको ५ बुँदे सहमतिको बुँदा नं. १ अनुसार नेपाल सरकारले मिति २०६५।५।२१ को निर्णयबाट औपचारिक रुपमा हलिया मुक्तिको घोषणा गरि सकेको छ । हलियाहरुलाई राहत र सामाजिक सुरक्षा उपलब्ध गराउन र पुनर्स्थापन गर्न मध्य र सुदुर पश्चिमाञ्चलका १५ बटा जिल्लाहरुमा तथ्याङ्क संकलन गर्ने कार्य सम्पन्न भएको छ । संकलित तथ्याङ्कलाई प्रशोधन गर्ने कार्य अन्तिम चरणमा रहेको छ ।

## ३. संक्रमणकालीन न्याय

### ३.१ सत्य निरुपण तथा मेलमिलाप आयोग

विस्तृत शान्ति सम्झौताको प्रावधान बमोजिम सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्नका लागि विगतमा तत्सम्बन्धी विधेयकको मस्यौदा गर्न कार्यदल गठन भई सो कार्यदलले तयार गरेको मस्यौदाउपर राष्ट्रिय, क्षेत्रीय तथा विषयगत रुपमा व्यापक छलफल गरी राय सुझाव संकलन गरी परिमार्जन गर्ने कार्यहरु हुँदै आएका थिए । उक्त क्रमलाई निरन्तरता दिई विधेयकको मस्यौदालाई अन्तिम रुप दिइयो । यस प्रक्रियाबाट तयार भएको सत्य निरुपण तथा मेलमिलाप आयोगको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा मिति २०६६।११।५ मा व्यवस्थापिका संसद्मा दर्ता गरिएको छ ।

### ३.२ बेपत्ता व्यक्तिसम्बन्धी आयोग

द्वन्द्वको क्रममा द्वन्द्वको कारण बेपत्ता पारिएका व्यक्तिहरुबारे छानविन गर्न मन्त्रिपरिषद्को २०६४।३।४ को निर्णयबाट एक आयोग गठन भएको थियो । यसैबीच सम्मानित सर्वोच्च अदालतबाट बेपत्ता पारिएका नागरिकहरुको सम्बन्धमा कारवाही गर्नका निमित्त बेग्लै कानून बनाई सोही कानून अन्तर्गत आयोग गठन गर्ने निर्देशनात्मक आदेश जारी भएको कारण सो

आयोग क्रियाशील हुन सकेन । बेग्लै कानून निर्माण गर्न विगतदेखि नै प्रक्रिया शुरु भई विधेयकको मस्यौदा तयार गरी सरोकारवाला तथा विज्ञहरुसँग राय प्रतिक्रियाका लागि छलफल एवं अन्तरक्रियाको क्रम शुरु भएको थियो । उक्त विधेयकको मस्यौदामा परिमार्जन गर्ने कार्य सम्पन्न गरी व्यक्ति बेपत्ता पार्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा मिति २०६६।८।१९ मा व्यवस्थापिका संसद्मा दर्ता गरिएको छ ।

## ३ स्थानीय शान्ति समिति

यस **अवधिमा ६७ जिल्ला, ७ नगरपालिका र ५९८ गा.वि.स.हरुमा स्थानीय** शान्ति समिति गठन भएका छन् । स्थानीय शान्ति समिति गठन हुन नसकेका जिल्लाहरु रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, नुवाकोट, गोरखा, तनहूँ र कास्कीमध्ये काभ्रेपलाञ्चोक र कास्कीमा एक दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । त्यस्तै समितिका कार्यालय सचिवहरुलाई ७ कार्यदिनको शान्ति तथा व्यवस्थापनसम्बन्धी आधारभूत तालिम प्रदान गरिएको छ । स्थानीय शान्ति समितिका संयोजक, महिला सदस्य र कार्यालय सचिवहरुको क्षेत्रीयस्तरमा गोष्ठी गरी शान्ति समितिसम्बन्धी अभिमुखीकरण तालिम/कार्यशाला सम्पन्न भएको छ ।

## ४ राहत तथा पुनःस्थापन

द्वन्द्वपीडितहरुलाई राहत तथा पुनःस्थापनका लागि मन्त्रालय अन्तर्गत विभिन्न कार्यक्रमहरु संचालन गरिएका छन् । यी कार्यक्रमहरुमा मुख्यतः द्वन्द्वका क्रममा द्वन्द्वका कारण मृत्यु भएका व्यक्तिका नजिकका हकदारलाई आर्थिक सहायता, बेपत्ता र अपहरणमा परेका व्यक्ति तथा निजका हकदारलाई आर्थिक सहायता, द्वन्द्वको क्रममा अपाङ्ग भएका व्यक्तिहरुलाई आर्थिक सहायता, ऐतिहासिक जनआन्दोलनका शहीदका परिवार तथा घाइतेहरुलाई जीवन निर्वाह भत्ता, घाइते तथा निजहरुका सन्ततिलाई छात्रवृत्ति, द्वन्द्वको कारण आफ्ना पति गुमाएका एकल महिलाहरुलाई आर्थिक सहायता, आन्तरिक रुपमा विस्थापित भएका व्यक्ति तथा परिवारलाई राहत तथा पुनःस्थापन सहायता र द्वन्द्वका कारण भएको व्यक्तिगत सम्पत्ति क्षतिबापत आर्थिक सहायताका कार्यक्रमहरु विगतदेखि नै संचालन हुँदै आएका छन् ।

## ५ बारुदी सुरुङ व्यवस्थापन

युद्धको समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङहरुको रेखाङ्कन तथा भण्डारण बारे ३० दिनभित्र एकअर्कालाई जानकारी दिने र ६० दिनभित्र निष्क्रिय र निर्मूल पार्ने प्रतिबद्धता विस्तृत शान्ति सम्झौतामा व्यक्त गरिएको छ । त्यस्तै द्वन्द्वपीडितहरुलाई राहत तथा पुनःस्थापनका सम्बन्धमा पनि सो सम्झौताले प्रतिबद्धता व्यक्त गरेको छ । यसै अनुसार नेपाल सरकारले बारुदी सुरुङ व्यवस्थापन कार्यक्रम संचालन गर्दै आएको छ । यस कार्यक्रम अन्तर्गत युद्धकालमा सरकारी सुरक्षा फौजले विछ्याएका व्यक्तिबिरुद्ध लक्षित बारुदी सुरुङ तथा अन्य युद्धकालीन विष्फोटक अवशेषहरु नष्ट गर्ने, माओवादी सेनाका लडाकुहरुसँग भएका विष्फोटक पदार्थहरु शिविरमा जम्मा गरी नष्ट गर्ने, बारुदी सुरुङबाट पीडित व्यक्तिहरुको औषधि उपचार, पुनःस्थापन तथा आर्थिक सामाजिक पुनःएकीकरण गर्ने, बारुदी सुरुङको जोखिममा रहेका समुदायमा जोखिम शिक्षा तथा सचेतना कार्यक्रम संचालन गर्ने कार्यहरु पर्दछन् ।

हाल सम्म बारुदीसुरुङ व्यवस्थापन कार्यक्रम अन्तर्गत भएका मुख्य मुख्य उपलब्धिहरु यसप्रकार छन् :

- युद्धकालमा देशका कुल ५३ स्थानमा व्यक्तिबिरुद्ध लक्षित बारुदीसुरुङ बिछ्याइएकोमा आर्थिक वर्ष २०६५।२०६६ मा १६ स्थानका बारुदीसुरुङ नष्ट गर्ने कार्य सम्पन्न भएको छ । यो समेत हालसम्म ३३ स्थानका बारुदी सुरुङ नष्ट गरिएको छ ।
- नेपाली सेनाको डिमाइनिङ क्षमता अभिवृद्धिका लागि तालिम संचालन गरी थप एक डिमाइनिङ टोली तयार भएको छ ।
- मन्त्रालय अन्तर्गत बारुदी सुरुङ व्यवस्थापन शाखा थप गरिएको छ ।

- बारुदी सुरुङ कार्यक्रम सुदृढीकरणका लागि शान्ति कोषमा रु. २ करोड २० लाख ६० हजारको परियोजना प्रस्ताव पेश गरिएकोमा सो स्वीकृत भएको छ । आ.व. २०६७।६८ मा सो परियोजना अन्तर्गत डिमाइनिङ कार्यमा सहयोग, बारुदी सुरुङ जोखिम शिक्षा, पीडित सहायता तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछन् ।
- बारुदीसुरुङ व्यवस्थापनका लागि राष्ट्रिय मापदण्ड, आगामी ३ वर्षका लागि रणनीति र वार्षिक कार्ययोजनाका मस्यौदाहरु तयार गरिएको छ ।

(प्रेमप्रसाद सञ्जेल)
उप-सचिव
अनुगमन तथा मूल्याङ्कन शाखा